## “स्वस्थ, स्वच्छ, सुसंस्कृत, सुशासित, समृद्ध सिद्धिचरण नगर”

## आ.व.०७६/०७७ को वजेट वक्तब्य

सभा अध्यक्षज्यू,
नगर सभाका सदस्यज्यूहरु,

नेपालको संविधान २०७२ ले गरेको ब्यवस्था बमोजिम सिद्धिचरण नगरपालिकाको चौथो सभाको लागि आफ्नो बजेट आफै बनाउन र घोषणा गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ ।

नेपालको संविधान युगान्तकारी परिवर्तनको दस्तावेज हो । संविधान जारी भएसँगै मूलुक नयाँ युगमा प्रवेश गरेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको छ । अव समाजको समग्र पविर्तनका लागि गरिने संघर्षकोरुप बदलिएको छ । अवको संघर्ष सामाजिक शत्रुकारुपमा रहेका भोक, रोग र शोक एवं गरीबि, पछौटेपन र अशिक्षाका विरुद्ध केन्द्रीत छ । समानुपातिक एवम् सामाजिक न्याय सहितको आर्थिक विकासका माध्यमबाट समृद्धि हासिल गर्दै अघि बढ्ने कुरा अबको मार्गचित्र हुनु पर्दछ ।

वार्षिक वजेट नगरले अवलम्बन गरेका नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने महत्वपूर्ण औजार हो । वजेट तर्जुमा गर्दा संविधानले नगारिकका लागि वाचा गरेको मौलिक हकहरुको पूर्ण उपभोगको सुनिश्चिततालाई समेट्दै संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षालाई साकार पार्न सहयोगी हुने कार्यक्रम तथा कृयाकलापहरु समावेश गर्न ध्यान दिनु आवश्यक हुन्छ ।

नगरबासीको आकांक्षा धेरै कुरा एकै पटक संबोधन भईदियोस भन्ने हुन्छ । तर, समय,स्रोत र क्षमताको सीमाले गर्दा एकै पटक सबै कुरा संबोधन गर्न सम्भव हुँदैन । त्यस माथि स्थानीय सरकार भर्खरै गठन भएको र साधन र स्रोत प्रर्याप्त र सुनिश्चित नभई सकेको अवस्था छ । यस्तो अवस्थामा अधिकतम् जनतालाई लाभ वा फाइदा दिने कार्यक्रम वा आयोजनालाई छनौट गर्ने वाध्यात्मक अवस्था नगरको रहेको छ ।

वजेट तर्जुमा गर्दा जनप्रतिनिधिहरुको सहयोग र स्वामित्वलाई ख्याल गर्दै जनताका विकासका आकांक्षा र आवश्यकताहरुको वारेमा प्रर्याप्त अध्ययन र सुझाव लिएको छ । दुई वर्षको अभ्यासबाट नागरबासीका समस्याहरुका बारेमा प्रर्याप्त जानकारी प्राप्त भएको छ । सबै सदस्यहरुले अमूल्य सुझाव दिई नगर सरकारलाई सहयोग गर्नु भएको छ । नगर सभा सदस्यहरुबाट प्रकट भएका जनताका मनोभावनालाई वजेट निर्माण गर्दा प्रर्याप्त ध्यान दिइएको छ ।

आर्थिक विकास लागि संम्भावना भएको नगरको रुपमा यो नगर पर्दछ । प्राकृतिक स्रोत, खनिज पदार्थ, जडिबुटी, पर्यटन प्रर्वद्धन, जलविद्युत उत्पादन, कृषिमा हरित कान्ति, शैक्षिक क्षेत्रको उपयुक्त अवस्थिति यो नगरका संभावनाका क्षेत्र हुन । मानवीय अगुवाइमा हुने इमान्दार प्रयत्नले असंभवलाई पनि संभव बनाउन सकिन्छ । नगरका चुनौति अवश्य छन् तर संभावना पहिल्याउदै र सार्थक प्रयत्न गर्दै जादा चनौति ओजेलमा पर्दै जान्छन् ।

सभा अध्यक्षज्यू,

यस पृष्ठ भूमिमा अव म आर्थिक वर्ष ०७६।०७७ को वजेटको उद्देश्यहरु निम्न अनुसार रहेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

- कृषि क्षेत्रमा व्यवसायीकरण र आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।
- आर्थिक बृद्धिलाई उच्च दरमा उकाल्दै नगरबासीको जीवनस्तरमा देख्न सकिने र अनुभूति गर्न सकिने सुधार ल्याउन मानवीय पूँजी विकास र उत्पादन सहयोगी भौतिक पूर्वाधारको विकास गर्दै संमग्र आर्थिक क्षेत्रलाई चलायमान बनाउने ।
- पर्यटनमैत्री पूर्वाधार विकास गरी पर्यटन उद्योगलाई विस्तार गर्ने एवं लगानी, रोजगारी तथा अन्य आय आर्जनको आकर्षक गन्तव्यको रुपमा पर्यटनलाई प्रवर्द्धन गर्ने ।
- आधारभूत पूर्वाधारको निर्माण र विकास गरी नगर सरकार र आधारभूत सेवामा नागरिकको पहुँच अभिबृद्धि गर्ने ।
- स्वास्थ्य र शिक्षामा गुणस्तरीय सुधार गर्ने ।
- गणुस्तरीय र भरपर्दो खानेपानीको सुविधाको विस्तार गर्ने ।
- वातावरण सन्तुलन तथा विपद् व्यवस्थापनलाई अन्तर आवद्धताको विषयकोरुपमा विकास गर्ने ।
- समावेशी र सन्तुलित विकासलाई प्रवर्द्धन गर्ने ।

**सभा अध्यक्षज्यू,**

अव म आ.व. ०७६/०७७ को वजेटका विशेषताका वारेमा प्रकाश पार्न चाहन्छु । **स्वस्थ, स्वच्छ, सुसंस्कृत, सुशासित, समृद्ध** सिद्धिचरण नगर बनाउने नगरको सोचलाई सार्थक बनाउन मैले वजेटका निम्न विशेषताहरु तय गरको छु ।

- नगरमा रहेको मानव स्रोतलाई स्वास्थ्य शिक्षाको माध्यमबाट अनुशासित, योग्य र मेहनेती बनाउदै असल मानव पूँजीमा रुपमान्तरण गर्ने,
- हाम्रो नगर नेपालका स्थानीय तहहरु मध्ये विविधताले भरपुर नगरपालिका हो । यस पृष्ठ भूमिमा नगरमा विद्यमान प्राकृतिक, साँस्कृतिक मानवीय आध्यात्मिक र भौतिक संभावनाहरुलाई संमृद्धिमा सदुपयोग गर्न र नगरलाई लगानी कर्ताको पहिलो रोजाईमा पार्न नगरभर सडक संजाल, सौर्य उर्जा, विद्युत सुविधा र संचार सेवाको उपलब्धता एवं खेतियोग्य जमिनको उपलब्धताका आधारमा सिंचाई विस्तार गर्ने ।
- आफ्नो नगर आफै बनाउ भन्ने भावानलाई सार्थक बनाउन नगरबासीको ज्ञान, सीप,क्षमता र केही गरौ भन्ने भावनालाई नगरमै सदुपयोग गर्न तथा नीजिक्षेत्रका लगानी कर्तालाई नगरमा आकर्षिक गर्न सो अनुसारको कार्यक्रम तय गर्ने,
- विकासका सबै आयाम, स्वरुप र संरचनामा संबोधन गर्ने गरी पहिचान भएका लैंगिक समानता तथा सामाजिक समावेशीकरण, वालमैत्री, वातावरणमैत्री, विपद् जोखिम न्यूनिकरण, दिगो विकास लक्ष्य, आन्तरिकीकरण लगायतका अन्तर आवद्धताका विषयहरुलाई सम्बोधन गर्ने,
- कर्मचारी वर्गमा जागरले काम गरौं, मुस्कान सहितको सेवा गरौं भन्ने संस्कारको विकास गर्ने ।

**सभा अध्यक्षज्यू,**

अब म आ व २०७४/०७५ को यथार्थ आय र व्यय तथा आव २०७५/०७६ को संशोधित आय र व्ययको अनुमान पेश गर्न चाहन्छु । आ व ०७४/०७५ को यथार्थ आय तथा व्यय ५० करोड २७ लाख ६३ हजार १९ रुपैया पैसा ८२ थियो । आ व ०७५/७६ को संशोधित आय अनुमान ६० करोड ४७ लाख २९ हजार मध्ये आ व २०७५/०७६ को खर्च ५६ करोड ३५ लाख हुने संशोधित अनुमान गरेकी छु ।

सभा अध्यक्षज्यू,

अव म, आर्थिक वर्ष २०७६।०७७ को वजेट र कार्यक्रम संक्षिप्तरुपमा प्रस्तुत गर्न चाहन्छु । यसको विस्तृत विवरण संलग्न अनुसूचीहरुमा समावेश गरेकी छु । यस आर्थिक बर्षका लागि कूल रकम रु.६१ करोड ३३ लाख ९९ हजार बिनियोजन गरेकी छु । जसमध्ये केन्द्र सरकारबाट बित्तीय समानीकरणमा रु.१० करोड ६७ लाख, राजश्व बाडफाडबाट रु ८ करोड ५२ लाख, प्रदेश सरकारबाट वित्तिय समानीकरणमा रु ७१ लाख ८० हजार, सवारी कर वाडफाडबाट रु १ करोड १७ लाख १९ हजार, सघिय सरकार र प्रदेश सरकारबाट आ व २०७६/०७७ मा समपुरक अनुदान र विशेष अनुदान बापत एकमुष्ठ रु ५ करोड ५० लाख तथा सघीय सरकारबाट सशर्त अनुदानतर्फ २४ करोड ७९ लाख र सामाजिक सुरक्षा भत्ता वापत रु ७ करोड ६० लाख प्राप्त हुने अनुमान गरेकी छु । त्यसैगरी सिद्धिचरण नगरपालिकाको आन्तरिक श्रोतबाट आ.ब.२०७६/०७७ मा रु २ करोड ३७ लाख आय अनुमान गरेकी छु ।

सशर्त अनुदान बापत प्राप्त कूल रकम रु.२४ करोड ७९ लाख केन्द्रबाट नै रकम शीर्षकगत विनियोजन भई आएको छ । जसमा शिक्षा क्षेत्रमा साबिकमा सञ्चालित सबैका लागि शिक्षा आधारभूत तह (आधारभूत तहका शिक्षक तलब भत्ता), माध्यमिक तह (शिक्षक तलब भत्ता) र बिद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु रहेका छन् । त्यसै गरी यस नगरपालिकामा सञ्चालित स्वास्थ्य संस्थाहरुको सञ्चालन खर्च तथा तलब भत्ता केन्द्रीय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, औषधि, भ्याक्सिन, सामाग्री प्याकिङ्ग र ढुवानी बापतको रकम लगायतका कार्यक्रमहरु पनि सशर्त अनुदानमा समाबेस भई आएका छन् । त्यसै गरी राष्ट्रिय ग्रामीण तथा नविकरणीय उर्जा कार्यक्रम, नेपाल कृषि सेवा विकास कार्यक्रम, झोलुङगे पुल क्षेत्रगत कार्यक्रम, साना सिचाई कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रम पनि शसर्त अनुदानमा समावेश भई आएका छन् ।

**नगर सभाका सदस्यज्यूहरु,**

कूल बजेटबाट सघीय सरकारबाट हस्तान्तरीत शसर्त अनुदान, प्रदेश सरकारबाट हस्तान्तरीत शसर्त अनुदान, सामाजिक सुरक्षा बापतको रकम घटाउदा सघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, राजश्व बाडफाँड, समपुरक अनुदान र विशेष अनुदान त्यसैगरी प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित समपुरक अनुदान र विशेष अनुदानको रकम समेत जोड्दा कायम हुन आउने रकम रु.२८ करोड ९४ लाख ९९ हजार मध्ये चालु खर्च बापत करिब ४० प्रतिशत अर्थात १० करोड ८५ लाख ५३ हजार ६ सय र बाँकी ६० प्रतिशत अर्थात १८ करोड ९ लाख रुपैयाँ विकास खर्च बापत बिनियोजन गरेकी छु । यो विकास खर्चलाई पनि क्षेत्रगत आधारमा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा बिपद् ब्यवस्थापन, संस्थागत विकास तथा सुशासन तर्फ गरी पाँच क्षेत्रमा

विभाजन गरी बिनियोजनको व्यवस्था मिलाएकी छु । अब म विभिन्न क्षेत्रगत शीर्षक अनुसारको बजेट प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास :**

यस शीर्षक अन्तर्गत कृषि, उद्योग तथा वाणिज्य, प्राचिन, ऐतिहासिक, पुरातात्विक धरोहर संरक्षण र विकास, पर्यटन, सहकारी र बित्तीय क्षेत्र पर्दछन् । जसका लागि यस आर्थिक वर्षमा आधुनिक कृषि प्रविधि तालिम, पशु बीमा तालिम, माटो परीक्षण शिबिर, पशु स्वास्थ्य शिबिर, आय आर्जनको लागि घुम्तीकोष मार्फत बीउ पूँजी कार्यक्रम, व्यवसायीक कृषि तथा औधोगिक क्षेत्रको अवलोकन भ्रमण कार्यक्रम, होमस्टे तालिम, सुन्तला तथा फलफूल खेती बिस्तार, पशु रोग निधान एबं अन्य कार्यक्रम, बिजुली मिल सुधार, बीउ बिजन तथा किटनाशक औषधि खरिद, सुन्तला खेती लगायतका कार्यक्रम सञ्चालनको लागि एकमुस्ट रु.१ करोड ९१ लाख २९ हजार बिनियोजन गरेकी छु ।

**सामाजिक विकास :**

यस शीर्षक अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, साहित्य, कला संरक्षण, कार्यक्रम, दुई वा दुई भन्दा बढी छोरीमात्र हुने दम्पत्तिलाई प्रोत्साहन सम्मान कार्यक्रम, एकल महिला, जेष्ठ नागरिक, बालबालिका, दलित तथा अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मान कार्यक्रम, संस्कृति प्रबर्द्धन, खेलकूद तथा मनोरञ्जन र लैंगिक समानता तथा सामाजिक समाबेसीकरण, एकद्वार संकट व्यवस्थापन, स्वास्थ्य संस्थाबाट उत्पादित फोहोरमैला व्यवस्थापन, उत्कृष्ट स्वास्थ्य छनौट, संस्थाहरुको स्तरबृद्धि, पोषण व्यवस्थापन, सर्ने तथा नसर्ने रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम, नगरक्षेत्र भित्रका सबै स्वास्थ्य संस्थाहरुमा इन्सीनरेटर र खाल्डो निर्माण, योग, ध्यान, प्राणायाम् मार्फत आरोग्य बृद्धि, स्थानीय स्तरमा पाईने जडिबुटीको अधिकतम उपयोग, आयुर्बेद चिकित्सा पद्धतिलाई विस्तार गर्ने लगायतका क्षेत्रहरु पर्दछन् । यी कार्यक्रमहरुका लागि एकमुष्ठ रुपमा रु.१ करोड ६८ लाख बिनियोजन गरेकी छु ।

**पूर्वाधार विकास :**

यस क्षेत्र अन्तर्गत स्थानीय सडक तथा पुल, सिंचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलबिद्युत, सञ्चार, एकीकृत बस्ती विकास कार्यक्रम, निर्माणधीन सडकको स्तरोन्नती, दिगो उर्जा र पानीको मुहान संरक्षण लगायतका विषयहरु समेटिएका छन् । यस आ.ब.मा पूर्वाधार विकास अन्तर्गत माथि उल्लेखित लगायत सबै कार्यक्रमहरुमा एकमुस्ट रु.७ करोड २२ लाख ८० हजार बिनियोजन गरेकी छु ।

**वातावरण तथा विपद् ब्यवस्थापन :**

यस अन्तर्गत बन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, फोहोरमैला ब्यवस्थापन, बिपद् ब्यवस्थापन लगायतका क्षेत्रहरु पर्दछन् । यी सबै क्षेत्रहरुको लागि सञ्चालन हुने बिभिन्न कार्यक्रमहरुमा एकमुस्ट रु.२७ लाख बिनियोजन गरेकी छु ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन :**

यस अन्तर्गत सामान्य सेवा, सुरक्षा ब्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण ब्यवस्थापन, स्थानीय तथ्याङ्क सङ्कलन र अभिलेख ब्यवस्थापन, सुशासन प्रबर्द्धन, अनुसन्धान तथा विकास लगायतका

क्षेत्रहरु पर्दछन् । यी र यस प्रकारका सञ्चालन हुने बिभिन्न कार्यक्रमहरुका लागि एकमुस्ट रु.६३ लाख ५० हजार बिनियोजन गरेकी छु ।

**नगर सभाका सदस्यज्यूहरु,**

अब म अन्य विविध क्षेत्रहरुमा विनियोजित वजेट विवरण प्रस्तुत गर्न चाहन्छु ।

साविकमा सञ्चालन भई आएका नियमानुसार दायित्व सिर्जना भएका तथा निरन्तरता दिन आवश्यक देखिएका कार्यक्रमहरुलाई निरन्तरता दिइएकी छु ।

महिला, बालबालिका, आदिबासी जनजाति, दलित, अल्पसंख्यक वा पिछडिएको वर्ग, क्षेत्र लगायतका महिलाहरुको बृत्ति विकासका लागि व्यक्तित्व प्रशिक्षण, सीप विकास तथा संस्थागत कार्यक्रमहरु अगाडि बढाउनुका साथै लैंगिक हिंसा न्यूनिकरण गर्न सचेतनामूलक कार्यक्रम, महिला लक्षित वर्गको उत्थान, विकास तथा मूल प्रवाहीकरणका लागि शिक्षा, सचेतना, जागरण र जनतामा चेतना फैलाउने प्रवर्द्धनात्मक प्रबृत्तिका कार्यक्रमहरुका लागि आवश्यक बजेट छुट्याएकी छु ।

स्वच्छ, सुखी, सम्मुनत नगर बनाउनको लागि ठूलो लगानी आवश्यक पर्दछ । यसका लागि सघीय सरकार र प्रदेश सरकार सँग आवश्यक समन्वय गरि समपुरक अनुदान मार्फत योजना सञ्चालन गर्नको लागि समपुरक कोषको लागि रु १ करोड ५० लाख बजेट विनियोजन गरेकी छु ।

यस नगरपालिकाको लागि आवश्यक सुविधा सम्पन्न नयाँ प्रशासनिक भवनको गुरुयोजना निर्माण गरी सघीय तथा प्रदेश सरकारको लागत सहभागितामा निर्माण कार्य अगाडि बढाउन रु १ करोड बजेट विनियोजन गरेकी छु ।

त्यसैगरी बालबालिका तथा युवाको शारीरिक तथा मानसिक विकासको लागि खेलकुद कार्यक्रम अर्न्तगत **प्रथम मेयर कप** सञ्चालनको लागि २० लाख बजेट विनियोजन गरेकी छु ।

नगर क्षेत्रलाई स्वच्छ बनाउने अभियान अन्तर्गत प्लाष्टिक जन्य झोला निषेध तथा अन्य हानिकारक बस्तुको प्रयोग न्यूनिकरण गर्न र नीजि क्षेत्र सगँको सहकार्यमा फोहोरमैला व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु ।

नगरपालिकामा रहेका गरीबहरुको घरको पहिचान गरी खरको छानो विस्थापित गर्न **गरीबलाई टिनको छाना** कार्यकमलाई निरन्तरता दिइएकी छु ।

गुणस्तरीय शिक्षा अभिबृद्धि गर्ने अभियान अन्तर्गत  नगरक्षेत्र भित्र संचालन भएका विद्यालयहरुका निजी स्रोतको शिक्षक तलब भत्ता व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइएकी छु ।

यस नगरपालिकामा रहेका महिला स्वास्थ्य स्वयम्सेविकाहरु लाई उपलब्ध गराईएको प्रोत्साहन भत्ता कार्यक्रमलाई निरन्तरता दिइएकी छु । साथै प्रत्येक महिला स्वास्थ्य स्वयंसेविकाका लागि मासिक रु.१०० बराबरको मोवाइल रिचार्जकार्ड उपलब्ध गराउन वजेट व्यवस्था गरेकी छु ।

परम्परागत चिकित्सा पद्धति, आयुर्वेद, योग तथा प्राकृतिक चिकित्सा आदिको पवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु ।

विकासको साध्य र साधन नागरिक नै भएकोले सबै नागरिकलाई स्वस्थ सवल मानव पूँजि निर्माण गर्नका लागि स्वास्थ्य महत्वपूर्ण क्षेत्र हो । स्वास्थ सेवालाई प्रभावकारी नियमित र जनताको घरदैलोमा स्वास्थ्य सेवा पुर्याउने उद्येश्यले खोप केन्द्र नभएका वडामा खोप केन्द्र सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

स्वरोजगारका अवसर सिर्जना गरी युवालाई आत्मनिर्भर बनाउन एवम् बैदेशिक रोजगारीबाट स्वदेश फर्किएका युवाहरुको ज्ञान, शिप, दक्षता र पूँजीलाई प्रभावकारी रुपमा उपयोग गरी उद्यमशिलताको विकास मार्फत थप रोजगारी सिर्जना गरी समृद्ध नगर बनाउनको लागि आवश्यक व्यवस्था मिलाएकी छु ।

घरेलु मदिरा उत्पादन तथा विक्री वितरणलाई व्यवस्थित व्यवस्थापनको लागि आवश्यक वजेटको व्यवस्था मिलाएकी छु ।

नगर क्षेत्रमा दुग्ध जन्य उपभोगलाई अभाव हुन नदिन तथा गाउघरका किसानको दुधलाई बजारिकरण गर्नको लागि निजी र सहकारी क्षेत्र सगँको साझेदारीमा दुग्ध व्यवसाय प्रवर्द्धनको लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने गरी व्यवस्था मिलाएकी छ ।

सूचना तथा सञ्चार क्षेत्रको विकास एवं प्रोत्साहनको लागि आवश्यक वजेटको व्यवस्था मिलाएकी छु ।

लैंगिकमैत्री नगर बनाउनको लागि लैगिक हिंसा सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने गरी आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

यो नगर बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषतायुक्त नगर हो । नगरका सम्पूर्ण जाति, भाषा, साहित्य र सस्कृतिको विकास तथा उत्थानको लागि आवश्यक कार्यक्रम सहित व्यवस्था मिलाएकी छु ।

नगरको खाद्यान्नमा वृद्धि गरी अन्य ठाउँको मागलाई समेत आपूर्ति गर्न सक्ने गरी कृषिका उत्पादन बृद्धिका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु ।

सम्पति कर व्यबस्थापन गर्ने कार्यको लागि वडास्तरमा कर र यसको सदुपयोगमा नगरवासीको भूमिका सम्बन्धी कर शिक्षा कार्यकम र स्थानीय तहबाट न्यायिक सम्पादन कार्यको लागि तथा मेलमिलापकर्ता समिति गठन गरी तालिम समेत दिई व्यवस्थित रुपमा काम अगाडि बडाउन तालिम तथा अध्ययन भ्रमणको लागि उचित रकम बिनियोजन गरेकी छु ।

नेपाल सरकारले लिएका राष्ट्रिय लक्ष्यहरु तथा अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता र सो बाट सिर्जित दायित्वलाई समेत प्राथमिकता दिइएकी छु । निर्माणधीन पूर्वाधारहरको निर्माण सम्पन्न समय मै सम्पन्न गर्ने गरी सो अनुसारको ब्यवस्था मिलाएकी छु ।

कतिपय कार्यक्रम आयोजनाहरुमा देखिने दोहोरोपन घटाउन नगरपालिका क्षेत्रभित्र हुने जुनसुकै कार्यक्रमहरु नगरपालिकाको मातहतबाट नै सञ्चालन हुने ब्यवस्था मिलाएकी छु । बजेट कार्यक्रमले नसमेटेका तथा समेट्न नसकिएका अन्य कार्यक्रमहरुलाई आगामी दिनहरुमा जनसंख्या, भूगोल लगायत अन्य वर्ण, लिङ्ग, क्षेत्र, समुदायहरु समेतलाई मध्यनजर गर्दै समतामूलक ढङ्गले विकासमा बिनियोजन गर्दै लगिने नीति तय गरिने कुरा पनि स्मरण गराउन चाहान्छु । यसै गरी नगर गौरबका आयोजना एवं ठूला आयोजनाहरुको लागि प्रदेश र संघीय सरकार सँग आवश्यक रकमको व्यवस्थाको लागि अनुरोध गर्ने गरी व्यवस्था मिलाएकी छु । साथै नगरमा साना योजना भन्दा ठूला योजनाले प्राथमिकता पाओस भन्ने तर्फ विशेष ध्यान दिइएकी छु ।

नगर सभाका अध्यक्षज्यू,

अन्त्यमा,

यो बजेट तयार गर्ने क्रममा टोल भेला देखि नगर कार्यपालिकाको बैठकसम्मका वजेट तर्जुमाका चरणमा प्रत्यक्ष अप्रत्यक्षरुपमा सुझाव सल्लाह सहित सहयोग पुऱ्याउनु हुने संलग्न सबैमा आभार व्यक्त गर्न चाहन्छु । त्यसै गरी यस कार्यमा प्रत्यक्ष संलग्न हुनु हुने जनप्रतिनिधि एवं कर्मचारी वर्गहरुमा धेरै धन्यवाद् दिन चाहन्छु । त्यसै गरी आम नगरबासी, निजीक्षेत्र, विकास साझेदार, नागरिक समाज प्रति पनि धन्यवाद् दिन चाहन्छु । वजेट तर्जुमा एउटा पाटो हो भने यसको सफल कार्यान्वयन अर्को महत्वपूर्ण पाटो हो । तर्जुमा गरिएको वजेट सही कार्यान्वय भएमा मात्र यसले सार्थकता पाउँछ । त्यसैले वजेटको सफल कार्यान्वयनको लागि सम्पूर्ण सरोकारवालाको सहयोगको पूर्ण अपेक्षा गरेकी छु । सिद्धिचरण नगरपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउनु हुने आम नागरिकहरु, कर दाताहरु, निजी क्षेत्र, विकास साझेदारहरु, सरकारी तथा गैरसरकारी संघ संस्था, सामुदायिक संस्थाहरु, नागरिक समाज एवं सञ्चार जगत लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार ब्यक्त गर्दछु ।

**धन्यवाद् ।**

इच्छा कुमारी गुरुङ
नगर उपप्रमुख
सिद्धिचरण नगरपालिका
ओखलढुङ्गा

मिति : २०७६ आषाढ १०